# रम्भा गाउँपालिका
# Rambha Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पिपलडाँडा,पाल्पा, (Pipaldanda, Palpa)
लुम्बिनी प्रदेशनेपाल , (Lumbini Province, Nepal)

पत्र संख्या (Ref No.):

च.नं.(Dispatch No.):

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना:**

**(तेश्रो पटक सूचना प्रकाशित मिति: २०८२/०८/१६)**

रम्भा गाउँपालिकाको कार्यालय अन्तर्गत सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको लागि तपसिल बमोजिमका पदमा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | संख्या |
|---|---|---|
| ४-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ |

- **न्यूनतम शैक्षिक योग्यता र अनुभव:**
  - मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उतिर्ण गरि काउन्सिलमा दर्ता भएको । वा
  - मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको । वा
  - पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सिलिङ्ग उत्तीर्ण गरेको ।
  - मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।
  - कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको ।
  - प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।
- **कार्य अवधि**: २०८३ असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा नविकरण हुन सक्नेछ ।
- **परिक्षाको किसिम** : लिखित, अन्तवार्ता र प्रयोगात्मक
- **तलव तथा अन्य सुविधा**: कार्यक्रमको नियमानुसार ।
- **आवश्यक कागजातहरु**: माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो तिन प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई आवेदन फाराम सहित निर्धारित समय भित्र गाउँपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ निर्धारित समय समय भन्दा ढिलो आउने आवेदनहरु कार्यालयले स्वीकार गर्ने छैन ।
- **उमेर**: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

- **छनौट प्रक्रिया**: प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ ।
- **आवेदन दस्तुर**: रु.६००/- (अक्षरेपी छ सय मात्र)
- **दरखास्त दिने अन्तिम मिति**: २०८२/०८/२२ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।
- लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षाको पाठ्यक्रम यसै सूचनासाथ प्रकाशन गरिएको छ ।

नोटः यस सूचनामा उल्लिखित सर्तहरु यसै बमोजिम र सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

२०८२/८/१६

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत